## Preserved Pensions

To explain pension entitlement in the wider Army prior to 1975 there were no rights to preserved pensions in any public or private pension schemes. Most schemes had very restricted qualifying criteria for the award of pensions. For instance, to qualify for a pension under the Civil Service arrangements, an individual had to be over age 50 and have served for ten or more years. Those who left voluntarily before meeting these criteria lost rights to pensions. For the Armed Forces, occupational pensions were awarded only if a member had at least 16 years qualifying service after the age of 21 as an officer or 22 years qualifying service after the age of 18 as an other rank. Engagements for shorter periods were on non-pensionable terms.

Gratuities (lump-sum payments) were awarded to those who did not serve long enough for a pension but had completed at least nine years reckonable service as an officer or 12 years reckonable service as an other rank. Gratuities were not paid to compensate for lack of pension but rather to assist the individual to settle into civilian life.

### Background to Preserved Pensions

The Social Security Act 1973 brought about changes by requiring UK pension schemes to preserve pension rights for those who left service after 6th April 1975 having completed at least five years qualifying service, and having attained the age of 26. Later Social Security Acts reduced the qualifying period from five years to two years and removed the age qualification requirement. These changes were not made retrospective. Individuals receive the benefits in accordance with the scheme rules in place at the time of their retirement.

### Key Points

The key points to recognise when looking at claims for changes to pension entitlement are:

- The issue of pre-1975 pensions does not just affect the Armed Forces but is common to all other public service schemes.
- AFPS 75 legacy issues are the same in other public pension schemes in existence prior to the Social Security Act 1973.
- Where legacy issues are common across public sector schemes, a retrospective change implemented for the Armed Forces would result in pressure from others for similar treatment.
- It is normal practice in public service pension schemes, and more widely, that improvements should not be applied retrospectively.
- In accordance with legal principle, entitlements were tied to the pension rules in force at the date of retirement.

Successive governments have resisted retrospective change to public sector pension schemes, and the policy of no retrospection has been upheld by the European Court of Human Rights.

## प्रिजर्व्ड पेन्शन्स

१९७५ अगाडि कुनै पनि पब्लिक वा प्राईभेट पेन्शन स्किमहरुमा प्रिजर्व्ड पेन्शनको प्रावधान रहेको छैन र ब्रिटिश सेनाको हकमा पनि त्यो लागू हुन्छ। प्राय: स्किमहरु अन्तर्गत पेन्शन पाउनका लागि आवश्यक शर्तहरु धेरै संकुचित थिए। जस्तो कि, निजामती सेवा (civil service) गरे वापत पेन्शन पाउनका लागि ५० बर्षको उमेर हुनुपर्ने अनि १० बर्ष भन्दा

बढी सेवा अवधी पुराएको हुनु पर्ने भन्ने नियम थियो। यी शर्तहरु पूरा नगरि स्वैच्छिक अवकाशमा जानेहरुले पेन्शनका सबै पाउदरहरु गुमाउनु पर्थ्यो। त्यस्तै आर्म्ड फोर्सेसमा अधिकृतले पेन्शन पाउनका लागि छ बर्ष पुगेको हुनु पर्ने र कम्तीमा १६ बर्ष सेवा गरेको हुनु पर्ने, साथै सकल दर्जा (other ranks) का हकमा, १८ बर्षको उमेर देखि उनीहरुको सेवाकाल गणना गर्दा २२ बर्ष पुगेको हुनु पर्ने नियम थियो। यस् भन्दा सेवाकाल छोटो भए, सेवा गरे वापत कुनै किसिमको पेन्शनको हक नलाग्ने नियम थियो।

उपदान (gratuity) पाउनका लागि अफिसरले छ बर्षको उमेर देखि सेवाअवधी गणना गर्दा कम्तीमा नौ बर्ष पूरा भएको र अदर रान्क्सको हकमा , १८ बर्षको उमेर देखि उनीहरुको सेवाअवधी गणना गर्दा १२ बर्ष पुगेको हुनुपर्ने नियम थियो। यी शर्तहरु पूरा नभएकाहरुको हकमा, सिभिलियन जनजीवनमा धुलमिल हुनका लागि चाहिने सामान्य सहयोग बाहेक उपदान (ग्रच्युटी)को ब्यबस्था थिएन।

## प्रिजर्व्ड पेन्शनको पृष्ठभूमी

सामाजिक सुरक्षा ऐन १९७३ (Social Security Act 1973) ले ६ अप्रिल १९७५ देखि यता अवकाश पाएका र कम्तिमा पाँच बर्ष सेवाकाल पूरा गरेकाहरुका लागि सबै पेन्शन स्किमहरुमा प्रिजर्व्ड पेन्शनको ब्यबस्था हुनुपर्ने नियम जारी गऱ्यो। पछि गएर सो ऐनले सेवाको न्युनतम अवधीलाई पाँच बर्ष देखि दुई बर्षमा घटायो र उमेरको हद्‌बन्दीलाई पनि खारेज गऱ्यो। तर यी परिवर्तनहरुले बिगतमा प्रचलित नियमहरुलाई कुनै असर पारेन। ब्यक्तिले पाउने सुबिधाको सन्दर्भमा, उक्त ब्यक्ति अवकाशमा निस्कदाको समयमा जे प्रचलित नियम थियो त्यही अनुरुप नै उसले आफ्नो पाउदरहरु पाउने भए।

## मुख्य बुँदाहरु

पेन्शन सम्बन्धी प्रावधानहरुका बारेमा कुरा गर्दा तपसिलका बुँदाहरुलाई मनन् गर्न बान्छनीय हुनेछ:

- १९७५ भन्दा अगाडि रहेका पेन्शन प्रावधानको सवालले आर्म्ड फोर्सेसलाई कुनै असर पार्दैन किनभने तत समयमा आर्म्ड फोर्सेस मा लागू पेन्शन अरु पब्लिक सर्विस स्किमहरु अन्तर्गत नै थियो।
- ए एफ पि एस १९७५ का पुराना सवालहरु पनि सामाजिक सुरक्षा ऐन १९७३ (Social Security Act 1973) जारी हुनु अगाडि पब्लिक सर्विस पेन्शन स्किम सम्बन्धी रहेका पुराना सवालहरु जस्तै हुन्।
- पब्लिक सेक्टर स्किमहरुमा त्यस्ता पुराना सवालहरु यथावत रहेको अवस्थामा, आर्म्ड फोर्सेसका लागि बिगतमा प्रचलित पेन्शन नियमहरुमा फेरबदल गरे अन्य पेन्शन स्किमहरुमा पनि फेरबदल गरिनुपर्ने दवावको सृजना हुन्छ।
- पब्लिक सेक्टर स्किमहरुका सन्दर्भमा बिगतमा प्रचलित नियमहरुमा बिगतकै मितिदेखि सुधार नहुने भन्ने मान्यता सर्बोपरी हो।
- कानुनी सिद्‌धान्त अन्तर्गत अवकाशमा निस्कदाको समयमा जे पेन्शनका प्रचलित नियमहरु थिए, सोही बमोजिम नै पेन्शनका पाउदरहरु सम्बन्धित हुने भए।

अहिले सम्मको कुनै पनि सरकारले बिगतमा सन्चालित पब्लिक सेक्टर पेन्शन स्किमहरुमा कुनै किसिमको सुधार ल्याएको छैन तथा त्यस नीतिलाई युरोपियन् कोर्ट अफ ह्युमन राईट्सले पनि अनुमोदन गरेको छ।